पूर्वाञ्चल विश्वविद्यालय
चिकित्साशास्त्र संकाय
गोठगाउँ मोरङ

च.नं. मिति: ...............२०८१/०२/१४

## अत्यन्त जरूरी सूचना

पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको पद प्रमाणिकरणको आधार एवम् सिफारिश सम्बन्धी कार्यप्रणाली २०८० अनरूप यस संकाय अन्तर्गत पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालय अन्तर्गतका आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा कार्यरत पूर्णकालीन शिक्षकहरुले पद प्रमाणिकरण गर्नुपर्ने नियम रहेकोमा र हाल राष्ट्रिय चिकित्सा शिक्षा ऐन तथा नियमावलीले पद प्रमाणिकरण सम्बन्धी व्यबस्था गरेको र सो अनुसार यस पूर्वाञ्चल विश्वविद्यालयले पनि पद प्रमाणकरण प्रतियोगिता संचालन गरिसकेको र यस कार्य समय समयमा भईरहने हुदाँ विश्वविद्यालयले प्रमाणित नगरेका पदहरूको मान्यता नहुने व्यहोरा अनुरोध छ ।

साथै कतिपय शिक्षण संस्थाहरूले भनसुन र पहुँचका भरमा पूर्णकालीन कामै नगरेका शिक्षकहरूलाई समेत काम गरेको हो भन्ने किसिमका प्रमाणपत्रहरू दिने गरेको गुनासाहरू प्राप्त हुन आएकाले र त्यस्ता अनुभवपत्रहरूको कानुनी अधिकारिता पुष्टि नभएमा स्वयम् संस्था र व्यक्ति जिम्मेवार हुनुपर्ने छ तसर्थ तपसिल बमजिमका प्रमाणितहुने कागजातहरू सहित पद प्रमाणिकरण प्रतियोगिताको फारम साथ संलग्न गरीदिनुहुन अनुरोध छ ।

साथै यस्तो कार्य नगर्नु, नगराउनुहुन र गराईएको पाईए नियमानुसार भै जाने सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**तपसिल**

१. नियुक्ति पत्र
२. कार्य अनुभव पत्र
३. हाजिरी विवरण
४. बैंकमा जम्मा भएको प्रमाणित Salary Sheet
५. पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको पद प्रमाणिकरणको आधार एवम् सिफारिश सम्बन्धी कार्यप्रणाली २०८० को संलग्न प्रमाणपत्र एवम् आवश्यक कागजातहरुको विवरण ।

डीन
पूर्वाञ्चल विश्वविद्यालय
चिकित्साशास्त्र संकाय

फोन नं.: ०२१-४२६००८ Website: www.pufomas.edu.np Email: info@pufomas.edu.np